आमाछोदिङमो गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गोल्जुङबेशी, रसुवा

बागमती प्रदेश,नेपाल

प.सं.२०८०/८१
च.नं.

मिति:२०८१/०२/१७

## अनुदान कार्यक्रममा सहभागी हुने सम्बन्धी सूचना

सूचना प्रकाशित मिति:२०८१/०२/१७

प्रस्तुत विषयमा यस आमाछोदिङमो गाउँपालिका कृषि शाखाको चालु आ.व.२०८०/८१ को वार्षिक स्वीकृत रैथाने बाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत ५०% अनुदानमा डिजिटल तराजु र खेत जोत्ने हाते ट्याक्टर(मिनी टिलर 7H.P.) वितरण कार्यक्रम रहेको हुँदा यस आमाछोदिङमो गाउँपालिका क्षेत्र भित्रका व्यवसायीकरुपमा रैथाने बालीको खेतीमा आवद्ध कृषक,कृषक समुह, कृषि तथा पशुपन्छी फर्म,कृषि सहकारिबाट दरखास्त आह्वानको लागि यो सुचना प्रकाशन भएको मितिले १५दिन भित्र(२०८१/०२/३२ गते सम्म) यस आमाछोदिङमो गाउँपालिका कृषि विकास शाखामा तपशिल अनुसारको कागजात सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै रित नपुगेका र म्याद नाघी प्राप्त भएका दरखास्तहरु छनौटको लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

**आवश्यक कागजातहरु:**

१.रित पूर्वकको निबेदन,

२.कृषकको हकमा व्यक्तिगत नागरिकताको प्रतिलिपि,

३.कृषक समुहको हकमा समुहको निर्णय र अध्यक्षको नागरिकताको प्रतिलिपि,

४.कृषि फर्मको हकमा कृषि फर्म दर्ता तथा नविकरण प्रमाण पत्रको प्रतिलिपि,

५. कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,

६.सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,

पुनश्च:थप जानकारिको लागि ९८६४९८९०६४ मा सम्पर्क गर्न हुन अनुरोध छ।

गोपाल प्रसाद दुलाल
प्रमुख प्रशासकीय अधिकृत

व्यवसायिक र सिर्जनशील प्रशासन: विकास,समृद्धि र सुशासन

CS Scanned with CamScanner